# नवीकरणीय ऊर्जा प्रयोग गर्ने बढे

महेन्द्रनगर, १० मंसिर (कास): नवीकरणीय ऊर्जा उपयोगमा सरकारबाट अनुदान रकम उपलब्ध भएका कारण कञ्चनपुर जिल्लामा नवीकरणीय ऊर्जाको प्रयोग गर्नेहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ।

वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले मान्यता प्राप्त कम्पनीमार्फत उपभोक्ताहरूलाई नवीकरणीय ऊर्जामा अनुदान प्रदान गर्ने व्यवस्था मिलाएको छ।

कञ्चनपुर जिल्लामा हालसम्म ८ हजार ५ सय बायोग्याँस प्लान्ट, ८सय भन्दा बढी सौर्यविद्युत् प्रणाली र २२ सय जति सुधारिएको चुलो स्थानीयको घरमा जडान भएको जिल्ला विकास समिति ऊर्जा तथा बातावरण इकाई कार्यालय महेन्द्रनगरका सहायक ऊर्जा तथा वातावरण अधिकृत दिनेश लम्सालले जानकारी दिए।

उनले स्थानीय निकाय तथा अन्य संघ संस्थाले समेत नवीकरणीय ऊर्जाका लागि थप अनुदानको व्यवस्थाका साथै जनचेतना विस्तार गर्न थालेकाले यसका प्रयोगकर्ताहरू प्रत्येक वर्ष थपिँदै गएको बताए। लम्सालका



अनुसार आ.व. २०६८/०६९ मा ७ सय ५ भन्दा बढी बायोग्यास प्लान्ट, ७२ वटा घरेलु सौर्य विद्युत् प्रणाली र २ हजार ९२ सुधारिएको चुलो स्थानीय समुदायले जडान गरेका छन्। यस जिल्लाका १० वटा गाविसमा सुधारिको चुलो जडान कार्यक्रमसमेत सुरु भएको छ।

नवीकरणीय ऊर्जाका बारे स्थानीय बासिन्दाले विस्तारै महत्व बुझ्दै जान थालेकाले यसको प्रयोग गर्नेहरूको संख्यामा वृद्धि हुँदै गएको उनले बताए। यसको प्रयोगलाई व्यापक बनाउन सके पेट्रोलियम पदार्थको अभाव केही हदसम्म पूर्ति गर्न सकिने र वनमाथिको निर्भरतालाई कम गरी वन संरक्षणमा टेवा पुग्ने उनले बताए।

तराईका जिल्लामा बायोग्याँसमा प्रतिप्लान्ट ९ हजार रुपैयाँ र गरिब दलित, जनजाति, उत्पीडित र द्वन्द्वपीडितका लागि थप अनुदान रु. २ हजार, त्यसैगरी कम गोबरग्याँस निर्माण भएका जिल्लाहरूमा तथा साना प्लान्टलाई रु ७ सय थप अनुदानको व्यवस्था वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले उपलब्ध गराउँछ।

सौर्य विद्युत् प्रणालीबाट बत्ती बाल्न, रेडियो, टेलिभिजन, कम्प्युटर, पंखा चलाउनुका साथै मोबाइल चार्ज गर्न सकिने भएकाले बढ्दो लोडसेडिङमा यसको महत्व बढेको स्थानीय प्रकाश राना बताउँछन्।